लुम्बिनी प्रदेश सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुमकोट, रुकुम पूर्व

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०९/२१

## सिलाई मेशिन मर्मत र कोट सम्बन्धी सिलाई कटाई (एड्भान्स) तालिम प्रदान गरिने सूचना ।

यस कार्यालयको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भगत सर्वजित सीप विकास प्रवर्द्धन कार्यक्रम (दलित लक्षित) अन्तर्गत विपन्न दलित समुदायका नागरिकहरुलाई परम्परागत सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरी स्वरोजगारी सिर्जना गर्दै आत्मनिर्भर गराउने उद्देश्यले सिलाई मेशिन मर्मत र कोट सम्बन्धी सिलाई कटाई (एड्भान्स) तालिम प्रदान गर्ने कार्यक्रम रहेकाले उक्त तालिममा सहभागी हुन चाहने यस जिल्लाभित्रका इच्छुक दलित समुदायका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमको कागजातहरु सहित कार्यालयले तोकेको ढाँचामा फारम भरी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

***तपशिल:***

- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो-२ प्रति ।
- दलित समुदायको व्यक्ति हो भनि सम्बन्धित निकायबाट प्रमाणित कागज ।
- तालिम प्राप्त गरे पश्चात व्यवसाय संचालन गर्ने प्रतिवद्धता-पत्र ।
- यस अघि सिलाई कटाई सम्बन्धी सिप विकास तालिम लिएको प्रमाण-पत्रको प्रतिलिपि ।

***थप आवश्यक योग्यता:***

- १८ देखि ४५ वर्ष उमेर समूहको दलित समुदायको नेपाली नागरिक ।
- साधारण लेखपढ गर्न सक्ने ।

***द्रष्टव्य:***

- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- आवेदन पाइने स्थान: घरेलु तथा साना उद्योग कार्यालय, रुकुम पूर्व ।
- गत आ.व. २०७८/०७९ मा ७५ (पचहत्तर) दिने दौरा सुरुवाल सम्बन्धी सिलाई कटाई तालिम लिएका व्यक्तिहरुलाई ग्रहायता दिईने छ।
- प्रशिक्षार्थीहरुलाई प्रविधि हस्तान्तरण गर्दा ८०% कार्यालयले र २०% प्रशिक्षार्थीहरुले व्यहोर्ने गरी आवश्यक प्रविधि हस्तान्तरण गरिन्छ।
- थप जानकारीका लागि कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुख:- ९८५७८४२११३ मा सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)

उद्योग अधिकृत